# ECHO OF HIS CALL

# बोलावटको प्रतिध्वनि

NEPALI

*India's National Spiritual Newspaper*

₹ 10/-

ECHO OF HIS CALL 1969-2019 GOLDEN JUBILEE

REACHING NATIONS


Published monthly in ENGLISH, TAMIL, MALAYALAM, TELUGU, HINDI, KANNADA, MARATHI, BENGALI, GUJARATI, ODIYA, ASSAMESE, PUNJABI, NEPALI, URDU, SINHALA & AFRIKAN

Editor : S. SAM SELVA RAJ

16 Languages

Associate Editors : Bro. BHUVAN DEVKOTA
Bro. RAJ KUMAR BHANDARI

Vol. XXV | YEAR OF OUR LORD JESUS CHRIST, 2025 MAY | No. 05

## पवित्र बाइबल

कृपया यो खण्ड कण्ठ गर्नुहोस्।

### यशैया ५६:१-५

१. परमप्रभु यसो भन्नुहुन्छ, न्याय कायम राख। जे ठीक छ, त्यो गर किनकि मबाट पाउने उद्धार नजिकै छ र मेरो धार्मिकता चाँडै प्रकट हुनेछ।

२. त्यो मानिस धन्यको हो, जसले यो गर्दछ, त्यो मानिस, जो यस कुरामा स्थिर रहन्छ, जसले शबाथ-दिन बिटुलो नपारी मान्छ र आफ्नो हात कुनै पनि खराबी गर्नबाट अलग राख्छ।

३. परमप्रभुसँग आफूलाई बन्धनमा बाँधेको कुनै विदेशीले यसो नभनोस्, निश्चय नै परमप्रभुले मलाई आफ्नो प्रजाबाट अलग गर्नुहुनेछ। कुनै पनि नपुंसकले यस्तो उजूर नगरोस्, हेर, म त सुकेको रूख हुँ।

४. किनकि परमप्रभु भन्नुहुन्छ, मेरा शबाथहरू पालन गर्ने, मलाई इच्छा लागेको काम गर्ने र मेरो करारलाई दृढतापूर्वक समात्ने नपुंसकहरूलाई

५. म मेरो मन्दिर र त्यसका पर्खालहरूभित्र छोराछोरीहरूभन्दा पनि अझ असल स्मारक तुल्याउनेछु र तिनीहरूलाई अझ असल नाउँ दिनेछु। म तिनीहरूलाई कहिल्यै काटिने अनन्तको नाउँ दिनेछु।

## चुनौतीहरू सामना गर्न तपाईं अत्यन्तै बलियो हुनुहुन्छ भने

# सावधान हुनुहोस्

IF YOU ARE STRONG ENOUGH TO FACE CHALLENGES, BE CAREFUL!

बहिनी एन्जल



**बोलावटको प्रतिध्वनि सेवकाइका** फैलिएका हाम्रा परिवारका सदस्यहरू सबैमा अभिवादन।

हाम्रो पिता परमेश्वर र प्रभु येशू ख्रीष्टबाट तपाईंलाई अनुग्रह र शान्ति।

हालसालै मैले आफ्नो पासपोर्ट गलत स्थानमा राखें। मैले हरेक स्थानमा खोजें तर त्यसलाई भेट्टाउन सकिनँ। यसले मलाई अत्यन्तै दिक्क बनाएको थियो। मैले त्यसलाई कहाँ राखेको थिएँ भन्ने बारेमा म निश्चित थिएँ तापनि जब मैले त्यो प्राप्त गर्न गएँ, त्यो हराएको थियो। मैले हरेक कुनाकाप्चामा खोजी गरें, यसले मेरो चिन्ता बढाइरहेको थियो। हराएको पासपोर्टले मेरो विचार भरिदिएको थियो- मैले अन्य केही कुरामा केन्द्रित गर्न सकिनँ, चाहे उठ्दा वा सुत्दा। अझ महत्वपूर्ण रूपमा मलाई त्यो आवश्यक भएको थियो। नयाँ पासपोर्टको लागि आवेदन दिन वा यसलाई पछि बिस्तारै आरामले खोजी गर्न मसँग समय थिएन।

जसै मैले चिन्तित भएर मेरो घरमा खोजी गरें, मैले लूका १५ अध्यायलाई सम्झेको थिएँ- **हराएको भेडा, हराएको सिक्का र उडन्त पुत्रको दृष्टान्त**। मैले हरेक पटक यो अध्याय पढ्दा म आफैं छक्क परेको पाउँथें: गोठालोले उनान्सयलाई किन छोडेर गए?

बाँकी पृष्ठ ४ मा




बोलावटको प्रतिध्वनि- यूट्यूब च्यानल

## यूट्यूब ख्रीष्टियान च्यानल

तपाईंले पा. एस. साम सेल्भाराजसँग प्रार्थना गर्ने अवसर पाउनुहुनेछ।

### ५ मिनेटको सन्देश


अंग्रेजी र हिन्दी, तामिल र तेलगू

हरेक दिन: बिहान २ बजे देखि

तामिल आइतवार सेवा: बिहान ८:३० बजे

★ Please Subscribe and Share ★

बोलावटको प्रतिध्वनि सन् १९६९-२०१९ स्वर्णजयन्ती वर्ष



# तपाईंको प्रिय भाइबाट....

REACHING NATIONS



**तिम्रा चिन्ता र फिक्री परमप्रभुमा राख र उहाँले तिमीलाई सम्हाल्नुहुनेछ, उहाँले धर्मीलाई कहिल्यै डग्न दिनुहुनेछैन (भजनसंग्रह ५५:२२) ।**

### हाम्रो मिसन नीति

हामीले प्राचीन र प्रेरित पावलको समयको सम्झौता नगरिएको शिक्षा आधुनिक पुस्तालाई व्याख्या गर्नुपर्ने र शिक्षा दिनुपर्छ । यो आवश्यकताको घडी हो ।


HON. EDITOR-IN-CHIEF
Rev. Angeline S. Kumari, M.A., M.Sc., M.Ed.
EX MANAGING EDITOR
Pastor Alex Samson Sam, B.Th., M.Div.
GENERAL MANAGER
Bro. N. Prakasam, M.A., M.Sc.(C&P), PGDHRM., MBA.
ADMINISTRATION
Sis. Jesy Veena Sam
Adv. K. Puratchivendan, M.Com., C.A., B.L.
Dr. P.E.R. Premchand, M.Sc., M.A., M.Ed., Ph.D.
Dr. C.G.S. Baburao, B.Tech., M.Tech. (DM), Ph.D.
Dr. Rabinder Boaz, M.S. (CMC)
EDITORIAL BOARD
Dr. Serena Bevin, M.A., M.Phil., B.Ed.
Sis. Sajini Cherian
Rev. Dr. K.R. Rajasekaran
Rev. Dr. William Robert, Ph.D., DD, D.Lit.


EDITOR, PUBLISHER & PRINTER
Pastor S. SAM SELVA RAJ
Echo of His Call Printers


10, Mohammed Abdullah 2nd Street,
Chepauk, Chennai- 600 005, India.
Phone : (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766
Cell : (+91) 98410 71852, 98412 71858, 95661 31858
E.MAIL
sam@echoofhiscall.org
biblecor@yahoo.co.in
WEBSITES
www.echoofhiscall.org
www.stpaulsmatriculation.org
YOUTUBE CHANNEL
Echo of His Call


येशू ख्रीष्टमा प्रियहरू,

हाम्रा प्रभु र मुक्तिदाता येशू ख्रीष्टको महिमित नाउँमा तपाईं सबैलाई अभिवादन ।

विगतको **बोलावटको प्रतिध्वनिको** अंकबाट तपाईंले प्राप्त गर्नुभएका आशिषका बारेमा तपाईंका प्रतिक्रियाहरूलाई हामी गहन रूपले स्वीकार गर्छौं । तपाईंका प्रार्थना र सहायता हाम्रो निम्ति अत्यन्तै अर्थपूर्ण छ र हामी निरन्तर यही नै कुराको खोजी गर्छौं । परमप्रभुले तपाईंलाई प्रशस्त आशिष् दिनुभएको होस् ।

परमेश्वरको प्रशस्त अनुग्रहद्वारा **सेन्ट पावलस् मेट्रिकुलेसन स्कुलमा** विगतको महिना धेरै सेवकाइका अवसरहरू सफलतापूर्वक संचालन भए, जसमा युवा शिविर, खुल्ला बैठक, बालसंगति



*Youth Camp at St. Paul's Matriculation School Campus*

सेवकाइ, परमेश्वरका मण्डलीका सेवकाइहरू र हाम्रो स्कुलको वार्षिक उत्सवहरू हुन् । किन्डरगार्टेनका विद्यार्थीहरूका निम्ति दीक्षान्त समारोह र स्कुलको वार्षिकोत्साव क्रमश: अप्रिल ११ र अप्रिल १७ तारिखको दिनमा भएका थिए । यी भेलाभरि पवित्र आत्माको उपस्थिति र अगुवाइ शक्तिशाली रूपमा प्रमाणित भएको थियो ।




*Pr. S. Sam Selva Raj's Speech in Open-Air Meeting*

भेलाचेरीमा भएको **नहेम्याह बाइबल कलेज परिसरमा** परमेश्वरको मण्डलीका सेवकाइहरू र बालबालिकाको सेवकाइ निरन्तर रूपमा वृद्धि भइरहेको छ । तल दिइएका विकल्पहरूका साथमा एकवर्षीय डिप्लोमा ईश्वरशास्त्रीय कार्यक्रम जून २, २०२५ मा सुरु हुनेछ भनेर हामी हर्षका साथमा घोषणा गर्दछौं:

**(क) आवासीय (हिन्दी माध्यम)- भेलाचेरी परिसर**

आफ्नो सम्बन्धित क्षेत्रहरूमा प्रभुको सेव गर्ने चाहने योग्य पुरुष विद्यार्थीहरूका निम्ति खुल्ला । योग्य विद्यार्थीहरूका निम्ति छात्रवृत्ति उपलब्ध छ ।

**(ख) साँझको बाइबल कलेज (तामिल माध्यम- गैहृआवासीय)**

यी कक्षाहरू साँझ ६:३० देखि ८:३० सम्म हरेक सोमवार, मंगलवार र बिहीवार संचालन हुनेछन् ।

**स्थान:** चेपकाउ र सन्थोसापुरम नहेम्याह बाइबल कलेजहरू । यसका अतिरिक्त, २०२५-२०२६ शैक्षिक सत्रबाट भेलाचेरीमा तामिल साँझको कोर्सहरू संचालन हुनेछ ।

यी आत्मिक कार्यक्रमहरूका निम्ति हामी तपाईंको प्रार्थनाको नम्रतापूवएक आग्रह गर्दछौं र योग्य विद्यार्थीहरूका बीचमा यी कुराहरू बताउनुहुन उत्साह दिन्छौं ।

### बोलावटको प्रतिध्वनिको डिजिटाइजेसन:

सन् २०२६ को सुरुवातदेखि हामीले बोलावटको प्रतिध्वनिलाई डिजिटल ढाँचातिर लैजाने योजना गरेका छौं किनकि हामीले सरकारी आदेशअनुसार संसोधन गरिएको उच्च हुलाक शुल्क तिर्नुपर्नेछ, जुन हाम्रो आर्थिक क्षमताभन्दा टाढा हुनेछ । छाप्ने शुल्क र मसलन्दको खर्च पनि निरन्तर वृद्धि भइरहेको छ । आर्थिक समस्याको कारणले गर्दा हामीले यी खर्चहरू समेटन अत्यन्तै गाह्रो भएको पाइरहेका छौं ।

सम्पूर्ण वास्तविक रुचि राख्ने पाठकहरूले समाचारपत्र तुरुन्तै प्राप्त गर्न निश्चित गर्न हामीले यो सामाजिक संजाल, इमेल, ह्वाटसएप, विशेष हुलाक र कुरियर सेवाहरूबाट वितरण गर्नेछौं ।

**यो परिवर्तनलाई सहजीकरण गर्न तल दिइएका विवरण उपलब्ध गरिदिनुहुन हामी तपाईंलाई विनम्र अनुरोध गर्दछौं:**

१. तपाईंको पूर्ण र सही हुलाक ठेगाना
२. तपाईंको सही फोन नम्बर र ह्वाटस्एप नम्बर
३. तपाईंको प्रमाणित इमेल ठेगाना (यदि उपलब्ध छ भने)

यी विवरणहरू सही प्रकारले बुझाएको कृपया निश्चित गर्नुहोला, अन्यथा तपाईंले भविष्यका अंकहरू प्राप्त नहुन सक्छ । **बोलावटको प्रतिध्वनि सेवकाइहरूसँग** नियमित सम्पर्कमा पहिले नै हुनुभएका पाठकहरूका निम्ति यो अद्यावधिक लागु हुँदैन । हामी हाम्रो मूल्यवान सम्बन्धलाई निरन्तरता दिन र कायम राख्न हामी उत्साहित छौं ।

### बोलावटको प्रतिध्वनि सेवकाइहरूका निम्ति प्रार्थनाका आग्रहहरू:

तल दिइएका सेवकाइहरूका निम्ति हामी तपाईंका प्रार्थनाको विनम्रतापूर्वक खोजी गर्छौं

### जोशुवा योद्धा इन्टरनेसनल

१. एक मिनेट प्रार्थना सुरुवात (**ग्लोबल भिजन फर युथ एण्ड किड केयर**)- युवायुवती र बालबालिकाको निम्ति ग्लोबल भिजन, दिनहुँ राती १०:०० बजे हुने
२. एक-घण्टे चेन प्रार्थना- विश्वका मण्डलीहरू र विश्वासीहरूमा समर्पित
३. सेमिनार, शिविर र कार्यशाला गोष्ठी- तिनीहरू फलदायी र आत्माबाट परिचालित भएका होऊन् ।

हाम्रा धेरै साझेदारहरू र मिसनरीहरू विश्वव्यापी रूपमा सेवा गर्छन् । हाम्रो प्रभु येशू ख्रीष्टको सेवा गर्न यो मिसनमा हामीसँग हातेमालो गर्न हामी तपाईंलाई निम्तो गर्दछौं ।

### भेकेसन बाइबल स्कुल (भिबिएस)- मई २०२५

कृपया, यो महिना हाम्रा मण्डलीहरू र अन्य मण्डलीहरूमा भइरहेका भेकेसन बाइबल स्कुलको निम्ति प्रार्थना गरिदिनुहोला ।

***चेन्नाइमा हाम्रा मण्डलीको निम्ति भिबिएस समयतालिका***

| | |
|---|---|
| १. सन्थोसापुरम | - अप्रिल २५ देखि मई १ |
| २. भेलाचेरी | - अप्रिल ३० देखि मई ५ |
| ३. बालाजी नगर, पल्लीकरनाइ | - अप्रिल ३० देखि मई ५ |
| ४. चेपकाउ | - मई ६ देखि मई १२ |

दाजुभाइहरू, हाम्रो निम्ति प्रार्थना गरिदिनुहोला ।

उहाँको सेवामा

**बोलावटको प्रतिध्वनि सेवकाइ टोली**

sam@echoofhiscall.org


## अत्यन्तै आवश्यकता

**शिक्षक** (All Subjects) for

**सेन्ट मेट्रिकुलेसन स्कुल**
**बोलावटको प्रतिध्वनि संस्था**
**विजयनगाराम, मेदाभाक्काम, चेन्नाइ - १००**

हामीलाई योग्य, अनुभवी, समर्पित, मेहनेती र मिसन केन्द्रित विश्वासीको आवश्यकता छ ।

बायोडाटाको साथमा आवेदन दिनुहोस्

E.mail: sam@echoofhiscall.org
WhatsApp: (+91) 98412 71858





## अत्यन्तै जरुरी सूचना

निकट भविष्यमा बोलावटको प्रतिध्वनिको हुलाक वितरणमा रोक्नै नसकिने व्यवधान आउन सक्ने भएको छ । तपाईंले बिना कुनै रोकावट बोलावटको प्रतिध्वनि निरन्तर प्राप्त गरिरहन चाहना गर्नुहुन्छ भने कृपया हामीलाई तपाईंको नाम, ठेगाना, इमेल र ह्वाटसएप नम्बर पत्र, इमेल, फोन कल वा एसएमएस वा ह्वाटसएप सन्देशबाट तुरुन्तै पठाउनुहोला ।

तपाईंलाई अझ राम्रो गरी सेवा गर्न तपाईंको सहायोगले हामीलाई सहायता गर्दछ ।

**हाम्रो ठेगाना:**


**बोलावटको प्रतिध्वनि**
10, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005, India
Cell: (+91) 98412 71858 / 98410 71858 E.mail: sam@echoofhiscall.org

पृष्ठ १ बाट

के उहाँले उनान्सयको बारेमा चासो राख्नुभएको थिएन ? हराएको एउटा भेडा अत्यन्तै मूल्यवान थियो भनेर मैले थाहा पाएँ- तर पनि उहाँले किन उनान्सयलाई पछाडि छोड्नुभयो ? के तपाईंले तिनीहरूका बारेमा कहिल्यै विचार गर्नुभएको छ ? **उनान्सय भेडा, नौ वटा सिक्का, ठूलो दाइ-** ९९:९:१ ।

तपाई यस्तै अवस्थामा हुनुहुन्थियो भने के तपाईंले एउटाको खोजी गर्न उनान्सयलाई छोड्नुहुन्थ्यो ? उहाँले तिनीहरूलाई छोड्नु मात्रै भएन तर उहाँले तिनीहरूलाई उजाडस्थानमा छोड्नुभयो । यस कुराले मलाई अझ धेरै सोच्न बाध्य बनायो । त्यो सुरक्षित स्थान थिएन- उहाँले तिनीहरूलाई खोरमा वा सुरक्षित क्षेत्रमा छोड्नुभएको थिएन। तिनीहरू खुल्लामा थिए, जंगली जनावर र अन्य खतराहरूले घेरिएका थिए । एउटाको खोजी गर्दा उहाँले उनान्सयलाई गुमाउन सक्नुहुन्थ्यो ।

मैले सोचेको तरिकामा अरू कसैले विचार गर्नुभएको छ कि भनेर मलाई थाहा छैन। हुन सक्छ, हराएको भेडा जवान र खोजी गर्ने, अन्वेषण गर्ने थियो र केवल सोही प्रक्रियामा हराएको थियो। अथवा हुन सक्छ, त्यो विद्रोही र अनाज्ञाकारी थियो, गोठालोको निर्देशनलाई बेवास्ता गर्दै जहिले पनि भौतारिरहन्थ्यो ।

कारण जेजस्तो भए पनि गोठालोले उनान्सयलाई उजाडस्थानमा छोड्ने चाहना गरेका थिए- छोडिएको र संवेदनशील- एउटाको पछि जाँदा। केही समयदेखि नै यो विचार मेरो मनमा थियो । उहाँले त्यस्तो छनोट किन गर्नुभयो भन्ने कारण हुनुपर्छ ।

## ९९ मा गोठालोको आत्मविश्वास:



## १. एकताको शक्ति

९९ लाई खुल्ला उजाडस्थानमा छोडेर जान गोठालोले तिनीहरूमाथि ठूलो आत्मविश्वास राखेको हुनुपर्छ। तिनीहरूले एकअर्काको वास्ता गर्छन् भनेर उहाँलाई थाहा थियो- एकतामा



*The power of unity!*

खडा रहने, सहायता गर्न समर्पित र सारा समय एकले अर्कालाई सहयोग गर्न तयार। खतराको सामना गर्नुपरे पनि तिनीहरू बलियो शक्तिको रूपमा एक हुन सक्थे ।

गोठालोले तिनीहरूलाई एकताको शक्तिमा रहन राम्रो तरिकाले तालिम दिएका थिए भनेर म निश्चित छु। कुनै भेडालाई आक्रमण भयो भने बाँकी उनान्नब्बेले सहायताको लागि तुरुन्तै जान्थे- आफ्नो निरन्तरको सुरक्षामा बलियो रूपमा सुरक्षित पार्ने । एकतामा यस्तो ठूलो शक्ति छ ।

हराएको भेडाचाहिँ खतरामा थियो भनेर पनि गोठालोलाई थाहा थियो- पूर्णरूपमा एक्लो, रक्षा गर्न वा सहायता गर्न कोही पनि साथ नभएको । बाहिरी खतराको कारण जीवित रहने सम्भावना कम मात्रै छैन तर एक्लो भएको कारण पनि छ । एक्लो हुनु भनेको खतराको स्थानमा हुनु हो । त्यसकारण, बाइबलले हामीलाई एकतामा रहन उत्साह दिन्छः

**फेरि म तिमीहरूलाई भन्दछु, पृथ्वीमा तिमीहरूमध्ये दुई जना कुनै कुरामा सहमत भई केही माग्यौ भने त्यो स्वर्गका मेरा पिताद्वारा तिमीहरूका निम्ति हुनेछ** (मत्ती १८:१९) ।

**किनकि जहाँ दुई कि तीन जना मेरो नाउँमा भेला हुन्छन्, त्यहाँ म तिनीहरूका माझमा हुनेछु** (मत्ती १८:२०) ।

**दाजुभाइहरू एकतामा बस्नु कति भलो र मनोहर कुरा हुन्छ** (भजनसंग्रह १३३:१) ।

हाम्रा मूल्यमान्यता नबाँड्ने, हामीलाई स्वीकार नगर्ने वा हामीलाई वास्तवमै प्रेम नगर्ने मानिसहरूका बीचमा रहनुभन्दा एक्लो रहनु राम्रो हुन्छ भनेर हामीले कहिलेकाहीँ महसुस गर्न सक्छौं । जब हाम्रो घनिष्ट रहेकाहरूले हामीलाई धोका दिन्छन् वा हामीलाई चोट दिन्छन् भने त्यो विशेष गरी पीडादायी हुन्छ, फेरि पनि कसैलाई भरोसा गर्न गाह्रो बनाउँदै ।

प्रिय दाजुभाइ तथा दिदीबहिनीहरू, तपाईंले यस्तो अनुभव गर्नुभएको छ वा अहिले पनि यसैबाट भएर गुज्रिरहनुभएको छ भने प्रभुले तपाईंको चोट निको पार्नुभएको होस् भनेर म प्रार्थना गर्दछु। येशू ख्रीष्ट आफैंले पनि क्रूसमा उहाँको मार्गमा धोकाको सामना गर्नुभएको थियो, त्यसैले उहाँले तपाईंको पीडा, हिचकिचाहट र शंका बुझ्नुहुन्छ ।

हो, यो संसारमा मानिसहरूलाई भरोसा गर्नु कठिन हुन सक्छ । दुर्भाग्यवश, यही एक कारणले धेरैले मण्डलीमा सहभागी हुन हिचकिचाउँछन् । मानिसहरू भएका हुनाले मण्डलीलाई तपाईंले बेवास्ता गर्दै हुनुहुन्छ भने म तपाईंलाई उत्साह दिन चाहन्छु- कृपया मण्डली जानुहोस् । यो केवल सल्लाह होइन तर परमेश्वरको आज्ञा हो:

**कति जनाको संगतिमा नजाने बानी हुन्छ तर हामीचाहिँ एकसाथ भेला हुन नछोडौं । तर प्रभुको दिन नजिक आइरहेको तिमीहरूले देखेका हुनाले एउटाले अर्कालाई झन् प्रोत्साहन देओ** (हिब्रू १०:२५) ।

आफैंलाई मण्डलीबाट टाढा नराख्नुहोस्। याद राख्नुहोस्, हामी असिद्ध संसारमा असिद्ध मानिसहरूका बीचमा जिउँछौं तर सिद्धताका परमेशवरले हामीलाई प्रेम गर्न र छुट्याउन बुद्धि दिन अनुग्रह गर्नुहुनेछ । प्रेरित १२ अध्यायमा, जब मण्डलीले मिलेर प्रार्थना गरेका थिए, परमेश्वरले पत्रुसको निम्ति कैदका ढोकाहरू आश्चर्यजनक रूपले खोल्नुभएको थियो । जब विश्वासीहरूले एकतामा प्रार्थना र संगति गर्छन्, त्यहाँ ठूलो शक्ति हुन्छ ।

प्रेमले सम्पूर्ण थोक ढाक्दछ र हामीलाई एकअर्काको आवश्यकता हुन्छ । अंग्रेजीमा एउटा सुन्दर भनाइ रहेको छः तपाईं छिटो हिँड्न चाहनुहुन्छ भने एक्लै हिँड्नुहोस् । तर तपाईं टाढा जान चाहनुहुन्छ भने कसैसाग हिँड्नुहोस् । तापनि, आफूसँग हिँड्न तपाईंले कसलाई छान्नुहुन्छ र कोसँग संगति गर्नुहुन्छ

....Contd. to page 6

GREAT COMMISSION PARTNERS
ECHO OF HIS CALL MINISTRIES
SINCE 1969

# महान् आज्ञा सहयोगीहरु



बाँड्न (गलाती ६:२), सहायता (रोमी १२:१३ र गति बढाउन (२ तिमोथी १:६)

PRAISE & PRAYER POINTS - From May 19, 2025 To June 18, 2025

(कृपया यो पृष्ठ निकालेर आफ्नो बाइबलमा राख्नुहोस् र निरन्तर प्रार्थना गर्नुहोस्)

## ✝ परमेश्वरलाई प्रशंसा गरौं...

मई १९: बालबालिकाको निम्ति हाम्रो **भेकेसन बाइबल स्कुलमा** परमेश्वरको प्रशस्त आशिष्को निम्ति ।

मई २०: हाम्रो **सेन्ट पावलस् मेट्रिकुलेसन स्कुल, नहेम्याह बाइबल कलेजहरू, र ईश्वरशास्त्रीय पत्राचार कोर्स,** आवश्यकतामा परेकाहरूलाई सेवा गर्न समर्पित रहेको छ ।

मई २१: हाम्रा अनुवादकहरू, सहसम्पादकहरू, संयोजकहरू र उहाँका परिवारहरूमाथि ईश्वरीय निगाहको निम्ति ।

मई २२: हाम्रो मुख्य मण्डली र शाखा मण्डलीहरूका सबै सदस्यहहरूमाथि आशिष्को निम्ति ।

मई २३: राजनैतिक र धार्मिक बाधाहरू भए पनि हाम्रा ख्रीष्टियान सेवकाइहरूको वृद्धिको निम्ति ।

मई २४: लडाइँको खतरा र कोलाहलको बीचमा सबै देशहरूमाथि परमेश्वरको ईश्वरीय सुरक्षाको निम्ति ।

मई २५: हाम्रा प्रार्थनाका साझेदारहरू, ग्राहकवर्गहरू, विश्वासका साझेदारहरू, जीवनका साझेदारहरू र महान् आज्ञाका साझेदारहरूका साथमा उहाँका परिवारहरूमाथि परमेश्वरको कृपाको निम्ति ।

मई २६: **हाम्रो पाँच मिनेट यूट्यूब** सन्देशबाट सस्क्राइबरहरू र गवाहीहरूको वृद्धि भइरहेको संख्याको निम्ति ।

मई २७: मार्च २३, २०२५ मा **सेन्ट पावलस् मेट्रिकुलेसन स्कुलमा** भएको हाम्रो चंगाइ कार्यक्रममाथि आशिष्को निम्ति ।

मई २८: हाम्रो **बाइबलकोर (बाइबल पत्राचार कोर्स) र ईश्वरशास्त्रीय पत्राचार कोर्सहरूको** प्रभावको निम्ति ।

मई २९: हाम्रा सेवकाइका सम्पूर्ण आवश्यकताको निम्ति परमेश्वरको आश्चर्यजनक उपलब्धताको निम्ति ।

मई ३०: समाजका सम्पूर्ण क्षेत्रमा महिलाको सबलीकरणको निम्ति पैरवीको निम्ति ।

मई ३१: हाम्रो **बोलावटको प्रतिध्वनि सेवकाइहरूका** कर्मचारी र उहाँका परिवारहरूको सुरक्षा र हीतको निम्ति ।

जून १: **सेन्ट पावलस् मेट्रिकुलेसन स्कुल र नहेम्याह बाइबल कलेजमा** शैक्षिक सत्र २०२५-२०२६ को निम्ति सफल भर्नाको प्रक्रियाको निम्ति ।

जून २: ईश्वरशास्त्रीय सेमिनार नियमित रूपमा संचालन गर्न हामीलाई सक्षम बनाउने परमेश्वरको अनुग्रहको निम्ति ।

जून ३: १९६९ देखि सेवा गरिरहेको पत्रिका सेवकाइमा हाम्रो समर्पणतामा उहाँको निरन्तरको आशिष्को निम्ति ।

## ✝ कृपया प्रार्थना गरौं...

जून ४: राष्ट्रहरूका बीचमा शान्ति र आर्थिक विकासको निम्ति ।

जून ५: विभिन्न क्षमताहरू र आयाममा हाम्रा सेवकाइहरूको बिस्तारको निम्ति ।

जून ६: ख्रीष्टियानहरू परमेश्वरको वचनमा जिउन र ख्रीष्टो जस्तो स्वभाव विकास गर्नको निम्ति ।

जून ७: विश्वभरि रहेका ख्रीष्टियान शैक्षिक संस्थाहरूको राम्रो नाम र इमानदारीताको निम्ति ।

जून ८: आफ्नो प्रार्थना र आर्थिक सहायताबाट हाम्रा सेवकाइरूलाई निरन्तरता दिने हाम्रा सहयोगीहरू, शुभचिन्तकहरू र मित्रहरूमाथि परमेश्वरको आशिष्को निम्ति ।

जून ९: पृथ्वीमा उहाँको राज्य बिस्तारको निम्ति ताजा दर्शनको निम्ति ।

जून १०: आत्मिक र भौतिक धम्कीको विरुद्ध सबै मण्डलीहरूमाथि ईश्वरीय सुरक्षाको निम्ति ।

जून ११: सम्पूर्ण परिवारहरूमा चैन र शान्तिको निम्ति ।

जून १२: विश्वभरि रहेका टेलिभिजन र यूट्यब प्रचारकहरूको अभिषेक र अगुवाइको निम्ति ।

जून १३: हाम्रो सिनियर पास्टर एस. साम सेल्भाराज र उहाँको परिवारको सुस्वास्थ्य र ईश्वरीय सुरक्षाको निम्ति ।

जून १४: विश्वभरि भएका देशहरूका सबै क्षेत्रहरूमा एकता र प्रगतिको निम्ति ।

जून १५: हाम्रा प्रार्थनाका साझेदारहरू, ग्राहकवर्गहरू, विश्वासका साझेदारहरू, जीवनका साझेदारहरू र महान् आज्ञाका साझेदारहरूका साथै उहाँका परिवारहरूमाथि परमेश्वरको कृपाको निम्ति ।

जून १६: हाम्रा कर्मचारीहरू र उहाँका परिवारहरूका सुस्वास्थ्य र हीतको निम्ति ।

जून १७: संसारभरि रहेका राष्ट्रपतिहरू, प्रधानमन्त्रीहरू र सम्पूर्ण सरकारी अधिकारीहरूले बुद्धिमत्ता र इमानदारीताको साथमा अगुवाइ गर्न सकून् ।

जून १८: भाइरह ज्वरो र आइरहेका संक्रामक रोगहरूका विरुद्ध ईश्वरीय सुरक्षाको निम्ति ।

*पृष्ठ ४ बाट*



***God miraculously opened the prison doors for Peter.***

भन्ने कुरामा सावधान हुनुहोस् किनभने तिनीहरूले तपाईंलाई प्रभावमा पार्नेछन् । त्यसकारण भजनसंग्रह १ अध्यायले समृद्ध हुनको निम्ति केही निश्चित संगतबाट टाढा रहन हामीलाई सिकाउँछ। एकता आवश्यक कुरा हो तर गलत संगतले विपत्तितिर लैजान सक्छ।

येशू खीष्टले महत्वपूर्ण प्रार्थना गर्नुभयोः ... **हामी एक भएझैं तिनीहरू पनि एक होऊन् । म तिनीहरूमा, अनि तपाईं ममा र तिनीहरू पूर्णरूपले एक होऊन** (यूहन्ना १७:२२-२३) ।

एउटा हराएको भेडाप्रति गोठालोको खोजी परमेश्वरको आधारभूत कृपाको शक्तिशाली प्रदर्शन हो, उनान्सयले पुनर्स्थापनामा आनन्द गर्ने ठूलो समुदायको प्रतिनिधित्व गर्दछ। जब एउटा सदस्य फर्कन्छ, आनन्द केवल उद्धार गरिएको लागि मात्रै होइन तर सम्पूर्ण बथानको लागि हो । परमेश्वरले हरेक व्यक्तिलाई सिकाउँछ र त्यो पुनर्स्थापना सामुदायिक घटना हो- अरूलाई समूहमा फिर्ता ल्याउने कुरामा सहभागी हुन र आनन्द मनाउन हरेकको निम्ति निम्तो ।

## २. सावधानी र सक्रिय पुनर्स्थापनाको लागि बोलावट

गोठालोले उनान्सय सावधान र चलाख भएको आशा गर्दछ। जब कोही बाहिर जान सुरु गर्छ, सबैभन्दा पहिले तिनीहरूलाई ध्यान दिन र त्यो व्यक्तिलाई फर्काएर ल्याउन विनम्रतापूर्वक निर्देशन दिन तिनीहरूलाई बोलाइएको छ। उनान्सयले ठूलो जिम्मेवारी बोकेको हुन्छ- कोही एक जना हराएको छ भनेर गोठालोले कसरी थाहा पाउँछ? निश्चय नै, तिनीहरूमध्ये एक जनाले संकेत दिनुपर्छ। सायद, त्यो व्यक्ति हराउनेको आमा, भाइ, बहिनी, साथी, हजुरबुबा वा पति-पत्नी थिए । त्यो बुढो भेडा थियो भने सायद जवानहरूले यो कुरालाई ध्यानमा दिएका थिए र गोठालोलाई जानकारी गरे ।

बाँकी रहेका उनान्सय सावधान रहेको येशू खीष्टले अपेक्षा गर्नुहुन्छ। तपाईंले आफैंलाई उनान्सयमध्येको एक जना विचार गर्नुहुन्छ भने तपाईंको जिम्मेवारी हराएकाहरूप्रति छ । हामी आफ्नो परिवारका सदस्यहरू, मित्रहरू र सबैभन्दा माथि हाम्रो मण्डली समुदायप्रति वास्ता गर्नै हुनुपर्छ। प्रायः हाम्रो वरिपरि भएकाहरू आफ्नो विश्वासमा सुरक्षित छन् भनेर हामीले विचार गर्छौं तर उनान्सयका बीचमा पनि केही भौतारिन सक्छन् । सावधान हुनुहोस् ।

**जब वास्ता गर्ने व्यक्तिले शत्रु आइरहेको देख्छ, उसले मानिसहरूलाई चेतावनी दिन खतराको आवाज दिन्छ** (इजकिएल ३३:३-९) । सोही तरिकामा उनान्सयको समर्पणताले आत्मिक सन्तुष्टिलाई रोक्छ र समुदायको समग्र स्वास्थ बलियो बनाउँछ। परमेश्वरले हामीलाई राख्नुभएको स्थानमा हामीलाई वास्ता गर्ने व्यक्तिको रूपमा राख्नुभएको छ- हामी सावधान रहौं ।

## ३. सन्तुष्टि र स्व-धार्मिकताको विरुद्ध चेतावनी:

कहिलेकाहीँ, उनान्सयको भाग हुँदा- सुरक्षित र सुरक्षाको प्रत्याभूति हुन्छ- जसले सन्तुष्टि र स्वधार्मिकताको स्वभावतिर लैजान सक्छ । हामीले सोच्न सक्छौं, अहो, म त झुण्डमा छु। मबाट आशा गरिएको काम मैले गरिरहेको छु । मैले गोठालोलाई पछ्याएको र पालन गरेको छु । म भौतारिनेजस्तो छैनँ । तापनि, उनान्सयको सुरक्षाले सुरक्षाको गलत विचार सृजना गर्न सक्छ। झुण्डको भाग भएको हुनाले कोही पनि आत्मिक रूपमा सुरक्षित र स्व-पर्याप्त बन्दैन ।

दृष्टान्तले **धर्मीलाई** चुनौती दिन्छ, जसले यस्तो विश्वास गर्न सक्छ, मलाई पश्चात्तापको आवश्यकता छैन, परमेश्वरको अनुग्रह सबैलाई उपलब्ध छ भनेर आफैंलाई सम्झना दिलाउँदै- आफैंलाई सुरक्षित भएको देखिए पनि ।

*....Contd. to page 9*

**नहेम्याह साँझको बाइबल कलेज**

चेपाउक र सन्थोसापुरम, Velachery चेन्नाइ

योग्यता: दश कक्षा र सोभन्दा माथि

भर्नाको लागि छिटो गर्नुहोस्।

माध्यमः तामिल (Part Time)

ईश्वरशास्त्रमा डिप्लोमा

Hindi (Residential) (Sponsorship Available)

विगत ५५ वर्षदेखि अन्तरराष्ट्रिय खीष्टियान अगुवाहरु र सिनियर पास्टरहरुबाट पहिचान भएको

**Contact : The Chairman, Nehemiah Bible College.**

10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA.

Phone : (+91-44) 2852 8282, Cell : (+91) 98410 71852 / 95661 31858

E.mail : sam@echoofhiscall.org / Website : www.echoofhiscall.org

## MAIN CHURCH PROGRAMMES

1. Prayer Service : 24 hours
2. **ECHO OF HIS CALL** - Monthly Magazines :English, Tamil, Malayalam, Telugu, Hindi, Kannada, Marathi, Gujarati, Bengali, Odiya, Nepali, Assamese, Punjabi, Urdu, Sinhala & Afrikan.
3. **BIBLECOR -** Basic Bible Courses (English, Tamil & Hindi)
4. Theological Correspondence Courses: English & Tamil
5. Nehemiah Bible Colleges (Chepauk, Santhoshapuram & Velachery)
6. Great Commission Partners (Network of Pastors)
7. Training Programmes – Seminars & Retreats
8. Crusades
9. Literature Distribution and Follow Up
10. Gospel Printing Press - Publications
11. St. Paul's Matriculation School - Village English High School
12. Sunday Schools (Chepauk) : 10.30 a.m. Sunday & (Velachery, Balaji Nagar & Santhoshapuram) 3.00 p.m. Sunday
13. **Early Morning Service : 5.30 a.m. Sunday**
14. **Preliminary Service : 8.00 a.m. Sunday**
15. **Tamil Service : 8.30 a.m. Sunday**
16. **Youth Meeting : 11.00 a.m. Sunday**
17. **Fellowship Lunch : 1.00 p.m. Sunday**
18. **Hindi Service : 4.00 p.m. Sunday**
19. **Telugu Service : 5.00 p.m. Sunday**
20. **English & Hindi Service : 6.00 p.m. Sunday**
21. Feedback Time : 7.30 p.m. Sunday
22. Women's Prayer : 5.30 p.m. Wednesday
23. Men's Prayer : 7.00 p.m. Friday
24. Discipleship Meeting : 6.00 p.m. Saturday
25. House Meetings : 6.30 p.m. Tuesday & Thursday
26. Special Holy Communion : 6.00 a.m. 1st day of each month
27. Ministers' Meeting : 6.00 p.m. First Saturday
28. Parents' Prayer : 4.00 p.m. First Sunday
29. Night Prayer : 9.30 p.m. Third Friday
30. Fasting Prayer : 9:30 a.m. Second Saturday
31. Holy Communion : Second Sunday Services
32. Youth / Kid Prayer : 10.00 p.m. daily (over phone)
33. Staff Devotion : 9.00 a.m. daily
34. Office : 9.00 a.m. to 9.00 p.m. (except Sundays)

## बोलावटको प्रतिध्वनि पत्राचार कोर्स भारतमा भएकाहरुलाई मात्र

### १. बाइबलकोर

बाइबलको आधारभूत सत्यतामा नयाँ खीष्टियानहरू र गैहखीष्टियानहरूलाई अङ्ग्रेजी, हिन्दी र तामिल भाषामा हामीले पत्राचार कोर्स प्रस्तुत गर्छौं । तपाईंले **नयाँ जीवन – तपाईंको लागि** भन्ने शीर्षक भएको ७० पृष्ठको कोर्सको किताब पाउनुहुनेछ । तपाईंले यो कोर्स पूरा गरेपछि तपाईंलाई प्रमाणपत्र दिइनेछ । **कुनै पनि अनिवार्य शुल्कहरू यसमा लाग्नेछैन** । यो कोर्स भारतमा हुनुभएको व्यक्तिको लागि मात्र हुनेछ।

### २. ईश्वरशास्त्रीय पत्राचार कोर्स

पास्टरहरू, सुसमाचार प्रचारकहरू र खीष्टियान अगुवाहरूका लागि ईश्वरशास्त्रीय पत्राचार कोर्स भनिने आधुनिक पत्राचार शिक्षा पनि उपलब्ध छ। यसको लागि शुल्क रु. १,०००/– लाग्नेछ। १४२ पाठहरू भएको ७ वटा पुस्तकहरू उपलब्ध गराइनेछ। तपाईंले **सेवकाइमा प्रमाणपत्र** पाउनुहुनेछ।

**बिस्तृत जानकारीको लागि:**

**The Chairman, Nehemiah Bible College,**
Echo of His Call, Post Box 2957
CHEPAUK, CHENNAI - 600 005.
Ph.: (044) 2852 8282, 2852 9293, 2854 7766,
Cell : 98410 71852, 95661 31858
E.mail : biblecor@yahoo.co.in

## नि:शुल्क मासिक पत्रिका बोलावटको प्रतिध्वनि प्राप्त गर्ने राम्रो अवसर

तपाईले आफ्ना साथीहरु / आफन्तहरुका ठेगानाहरु हुलाक, पत्र, इमेल, ह्वाटसएप वा फोनबाट हामीलाई पठाउन सक्नुहुन्छ भने हामीले नि:शुल्क **बोलावटको प्रतिध्वनि** मासिक पत्रिका पठाउनेछौं।

## कर छुट

भारतबाट कुनै पनि व्यक्ति वा संस्थाबाट **Echo of his Call Educational Trust** लाई आउने सहयोग चन्दाहरूमा आयकर ऐनको खण्ड ८० जी अन्तर्गत आयकरको छुट छ। यस उद्देश्यको लागि आधिकारिक रसिद जारी गरिनेछ । कृपया यस्ता सहयोग चन्दाका लागि तपाईंका डिमाण्ड ड्राफ्टहरू/चेकहरू/मनी अर्डरहरू **Echo of his Call Educational Trust** को नाउँमा लेख्नु हुन र आयकर छुट पाउनको लागि तपाईंको आधारकार्ड र प्यान पनि हामीलाई पठाउनुहोला ।

| | | |
|---|---|---|
| **Account Name** | : | **ECHO OF HIS CALL EDUCATIONAL TRUST** |
| **Account Number** | : | **1023 2923 805** |
| **Bank Name** | : | **STATE BANK OF INDIA** |
| **Branch** | : | **TRIPLICANE, CHENNAI - 600 005** |
| **IFSC Code** | : | **SBIN 0000249** |
| **SWIFT Code** | : | **SBI NIN BB 455** |



# खाडलबाट दरबार

(पास्टर एस. साम सेल्भाराजको जीवनका अनुभवहरू)

"जसले पढ्छ, त्यसले बुझोस्" (मत्ती २४:१५) ।

## हरेस नखानुहोस्, नत्याग्नुहोस्

**तर मेरो धार्मिक जनचाहिँ विश्‍वासद्वारा बाँच्नेछ र यदि ऊ पछि हट्छ भनेता म उसँग खुसी हुनेछैनँ । तर हामी पछि हट्ने र विनाश पारिनेहरूमध्येका होइनौं तर विश्‍वास गरी बचाइएकाहरूमध्येका हौं** (हिब्रू १०:३८-३९) ।

मेरो सेवकाइका सुरुवातका दिनदेखि कुनै पनि मानवीय सहायतामाथि भर नपरेर म बस्ने क्षेत्रका मानिसहरूबाट ठूलो संकष्ट सामना गरेको र अवर्णनीय कठिनाइ सहेको थिए। अनिँदो रातहरू र भयले भरिएका दिनहरूले मलाई प्रश्‍न गरेको थियो, परमेश्‍वरले वास्तवमै मलाई बोलाउनुभएको थियो वा मैले आफ्नो इच्छामा सेवकाइमा प्रवेश गरेको थिएँ ?

म भोकमरीमा परेको र भौतिक आक्रमणमा परेको समय थियो, तापनि परमेश्‍वर शान्त रहनुभयो । उहाँले मेरो प्रार्थनाको जवाफ दिनुभएन। विभिन्‍न अवसरमा मैले त्यागिएको महसुस गरें। तर जसै समय बित्दै गयो, उहाँ शान्त बस्नु मेरो जावफ थियो भनेर मैले थाहा पाएँ- संसार र यसका मानिसको बारेमा मलाई सिकाइरहेको पाठ ।

सन् १९७९ मा येशू ख्रीष्टको सुसमाचार प्रचार गरिरहँदा मैले गम्भीर सतावटको सामना गरें । भाडामा लिइएको भवनमा मैले प्रार्थनाको संगति संचालन गरिरहेको थिएँ, तब केही मानिसहरू मेरो विरुद्धमा गलत आरोप लगाउँदै घरबेटीकहाँ गए। त्यहाँ कुनै भेला गर्न नदिने गरी मलाई निषेध गर्न तिनीहरूले उनलाई आफ्नो पक्षमा ल्याए ।

तोडिएको हृदयको साथमा म घर फर्कें र ढोकाहरू बन्द गरें र मेरो भान्साघर र शौचालयमा भएका सबै पानीका धाराहरू खोलें । म नराम्ररी रुँदै परमप्रभुमा पुकारा गरें। बगिरहेको पानीको आवाजमा मेरो शोकको आवाज बाहिरी संसारबाट दबियो । तापनि, परमेश्‍वर शान्त रहनुभयो ।

मेरो जीवनलाई हेर्दै गर्दा एकातिर मैले चुनौतीहरू र कठिनाइहरू देखें र अर्कोतिर मलाई सेवकाइमा बोलाउनुहुने मेरो मालिक मलाई सहायता गर्ने केही पनि नगरिरहनुभएको देखिएको थियो । केही समयपछि मेरा विरोधीहरू बलिया भए, मलाई सार्वजनिक रूपमा नै गिल्ला गरिरहे । तिनीहरू म काम गर्ने सरकारी कार्यालयमा पनि प्रवेश गरे, मेरा सहकर्मीका अघि मेरो निन्दा गरे र गलत आरोपहरू फैलाए ।

म अत्यन्तै समस्यामा थिएँ- दिक्क भएँ, डराएँ र तिनीहरूले ममाथि ल्याएका हानिबाट निरास भएँ । त्यो दिन मैले निरासामा पुकारा गरें:

हे इस्राएलका परमप्रभु, हे अब्राहाम, इसहाक र याकूबका परमेश्‍वर । म तपाईंको चुप्पीलाई अझ सहन सक्दिनँ । तपाईं मेरो पक्षमा काम गर्नुहुन्‍न भने तपाईंले कसलाई सहायता गर्नुहुनछ ? तपाईंले मलाई बचाउन इन्कार गर्नुहुन्छ भने म कता फर्कन सक्छु ?

तापनि, कुनै जवाफ, निर्देशन, उत्साह आएन- केवल सन्‍नाटा । मेरो आत्मा वास्तवमै खलबलिएको थियो । त्यो रात, मेरो शोकमा मैले आफ्ना घरायसी सामानहरू र सेवकाइका सामाग्रीहरू सबै बाँधेर सबै थोक पछि छोडेर जाने र आफ्नो स्थानीय स्थानमा फर्कन तयार गरें ।

**...अत्याचारीको तरवारको कारणले हरेकलाई आफ्नै जातिकहाँ फर्केर जान देओ, हरेकलाई आफ्नै देशमा भागेर जान देओ** (यर्मिया ५०:१६) ।

ठीक बिहान २:०० बजे कसैले मेरो ढोका ढक्ढक्याएको मैले सुनें। मेरा हात कामिरहेका थिए र मैले असहाय र डराएको महसुस गरें। तापनि, मैले ढोका खोलें, सेतो दाह्री भएको बुढो मानिसलाई भेटें, जसले आफ्नो काँधमा झोला र खानेकुरा बोकेका थिए ।

मैले सोधें, तपाईं को हो ? यो समयमा केले तपाईंलाई यहाँ ल्यायो ? म आफ्नो स्थानीय स्थानमा फर्कने तयारी गरिरहेको थिएँ भनेर पनि मैले उल्लेख गरें किनभने परमेश्‍वरले मेरो प्रार्थनाको जवाफ दिनुभएन । तापनि, त्यो अवस्थालाई छिमेकीहरूले गलत व्याख्य गर्न सक्ने भएको हुनाले उहाँले आफूलाई भित्र पराउन आग्रह गर्नुभयो । मैले नचाहेर पनि उहाँलाई भित्री निम्त्याएँ ।

उहाँले भन्‍नुभयो, मेरो छोरा साम, म तपाईंको मित्र पास्टर जे.एस. दानिएल हुँ । हामी भेटेको लामो समय भइसक्यो र सायद तपाईंले मलाई बिर्सिसक्नुभएको छ । सहरमा मेरो सेवकाइ पूरा गरेपछि म आफ्नो गाउँ फर्किरहेको थिएँ तर मैले आफ्नो अन्तिम बस गुमाएँ। ट्याक्सी भाडामा लिन मसँग पैसा छैन, नता यो सहरमा सुत्ने मसँग कुनै स्थान छ। चेन्‍नाइमा माउन्ट रोडमा हिँड्दै गर्दा परमेश्‍वर मसँग बोल्नुभयो, आज राति तपाईंसँग भेट गर्न मलाई स्पष्ट निर्देशन दिनुभयो । तपाईंले यो स्थान त्याग्नुहुन्‍न । तपाईंलाई बोलाउनुहुने

तपाईंको परमेश्वर चुप हुनुहुन्छ भनेर विचार नगर्नुहोस्, उत्तम भोलिको निम्ति उहाँले तपाईंलाई सक्रिय रूपमा तयार गरिरहनुभएको छ । तपाईंको जीवनमा केही महान् कुरा प्राप्त गन उहाँले तपाईंलाई आकार दिइरहनुभएको छ । तपाईंले विश्वास गरेझैं उहाँ चुप हुनुहुन्न । याद राख्नुहोस्, **सुसमाचार यरूशलेमबाट अगाडि जानुपर्छ** (यशैया २:३, मीका ४:२) । यो सहर तपाईंको यरूशलेम हो । त्यसैले, यो सहर नत्याग्नुहोस् ।

मसँग अर्को विकल्प थिएन तर उहाँको आज्ञा पालन गर्ने बाहेक र मैले प्रभुको प्रेम महसुस गरें र मजस्तो नम्र सेवकको जीवनमा उहाँले गर्नुभएको आश्चर्यकर्मको गवाही भएको थिएँ । मैले हाम्रो परमप्रभु येशू ख्रीष्ट र पास्टर दानिएल दुवैसँग क्षमा मागें र आफ्नो सेवकाइलाई निरन्तरता दिएँ । परमेश्वरले मलाई आशिष् दिनुभयो । केही महिनापछि, उहाँले मलाई अर्को स्थानमा लैजानुभयो, जहाँ म सफल सेवक बनें ।

प्रिय मित्र, तपाईंलाई बोलाउनुभएको परमप्रभुले तपाईंलाई बिर्सनुभएको छ भनेर के तपाईंले सोच्नुहुन्छ ? तपाईंको वृद्धि यति ढिलो भएको छ कि तपाईंको पेशा परिवर्तन गर्नुपर्छ वा अर्को स्थानमा जानुपर्छ भनेर के तपाईंले विश्वास गर्नुहुन्छ ? होइन, तपाईंले गर्नुहुन्न । तपाईंलाई बोलाउनुहुने परमप्रभु विश्वासयोग्य हुनुहुन्छ । तपाईंले हरेक थोक गुमाउनुभए पनि तपाईंको भविष्य अझै पनि बाँकी रहेको छ । त्यसैले, आश्चर्यकर्मको निम्ति उहाँमा विश्वास गर्नुहोस्- तपाईंको जीवनमा केही असल हुन लागेको छ । **परमप्रभुको प्रतीक्षा गर । बलिया होऊ र तिम्रो हृदय साहसिलो होस् र परमप्रभुकै प्रतीक्षा गर** (भजनसंग्रह २७:१४) ।

************

पृष्ठ ६ बाट

पवित्रशास्त्रले भन्दछ, **किनकि सबैले पाप गरेका छन् र परमेश्वरको महिमासम्म पुग्न चुकेका छन्** (रोमी ३:२३) । यो तरिकामा, हाम्रो आफ्नै हृदयमा सन्तुष्टि वा भमण्डको चिन्हको खोजी गर्न उनान्सयले हामीलाई उत्साह दिन्छ ।

**जसले खडा छु भनी सोचेको छ, त्यो होसियार रहोस्, नत्रता त्यो लड्नेछ** (१ कोरिन्थी १०:१२) ।

प्रिय मित्रहरू,

हराएकोलाई खोजी गर्ने गोठालोलाई मैले गहन रूपमा आदर गरे पनि उनान्सयमाथि उहाँको आत्मविश्वासको निम्ति म समान रूपमा कृतज्ञ छु । तिनीहरू सुरक्षित भए पनि सुरक्षाको गलत भावमा नपर्न येशू ख्रीष्टले तिनीहरूलाई चुनौती दिनुहुन्छ । झुण्डमा तिनीहरूको स्थानचाहिँ उपहार हो भनेर तिनीहरूले पहिचान गर्नुपर्छ- एक जना, जसलाई नम्रताको आवश्यकता छ र कायम रहन निरन्तर पश्चात्ताप खाँचो छ । विश्वासयोग्यलाई निरन्तर नवीकरण र परमेश्वरको अनुग्रहमा निर्भर हुनुपर्ने आवश्यकता भए पनि जीवित सम्झना दिलाउने व्यक्तिको रूपमा सेवा गर्ने तिनीहरूको भूमिका हो ।

उनान्सयले एक जनाको निम्ति प्रार्थना गर्नुपर्छ ।

************

**URGENT NEED for CHRISTIAN OFFICE**

**1. COMPUTER OPERATORS**

**2. PRINTING PRESS OPERATORS**

**Contact : (+91) 98412 71858, E.mail : sam@echoofhiscall.org**

**NOTICE**

Please store the Mobile Phone numbers (+91) 98410 71858, (+91) 98412 71858 of Pastor S. Sam Selva Raj on your mobile phones.

- Editor

## ECHO OF HIS CALL YouTube YOUTUBE RESPONSES!

LIKE COMMENT



Bro. Shashi Tiwari



Bro. Stephen Ramana

**१. भाइ स्टेफन रामाना, दक्षिण अफ्रिका**

वाह, यो बिहानी कस्तो शक्तिशाली सन्देश, म वास्तवमै आशिषित भएँ ।

२. भाइ शशी तिवारी, मुम्बई

उत्साहजनक भक्तिको निम्ति धन्यवाद । भक्तिको सन्देश र अनुवादकको निम्ति दैनिक प्रार्थना गरिरहेको छु ।

**३. भाइ शाऊल बेन्जामिन शिन्दे, पाल्घर**

जयमसीह पास्टर, म नियमित रूपमा यूट्यूबमा आउने तपाईंका सन्देशलाई पछ्याइरहेको छु । तपाईंका सन्देशहरूबाट परमेश्वरले मलाई आशिष् दिइरहनुभएको छ । परमेश्वरलाई धन्यवाद र परमेश्वरले तपाईंलाई धेरै आशिष् देऊन् ।

**४. बहिनी मेरी सुसन, भाइज्याक**

बिहानीको यूट्यूब सन्देशको निम्ति धन्यवाद । म साँच्चै आशिषित भएकी छु ।



Sis. Mary Susan



Bro. Shaul Benjamin Shinde

Posted at "Egmore RMS Patrika Channel" RNI NO. TNNEP/2000/2841, Postal Regn. No. TN/CH/(C)/194/24-26 WPP NO. TN/PMG(CCR)/WPP-220/24-26

## Echo of His Call

**YouTube**
*Please subscribe*

Kindly view and subscribe our **Echo of His Call YouTube Channel** when you get time. Thanks. **- Editor**

## OUR BANK DETAILS:

### *1. Bank : State Bank of India*

Branch : **Triplicane, Chennai-5**
Name : **S. Sam Selva Raj**
A/C No. : **1023 2934 679**
IFSC : **SBIN 00 00 249**
SWIFT CODE : **SBI NIN BB 455**

### *2. Bank : ICICI Bank*

Branch : **Anna Salai, Chennai-6**
Name : **Echo of His Call**
A/C No. : **6038 0502 2319**
IFSC : **ICIC 000 6038**

### *3. Bank : State Bank of India*

**(This Account is for Tax Exemption for Indians only )**

Branch : **Triplicane, Chennai-5**
Name : **Echo of His Call Educational Trust**
A/C No. : **1023 2923 805**
IFSC : **SBIN 00 00 249**

**Google Pay: 98410 71858**
**PayPal : SAM SELVA RAJ**
*****
**E.mail : sam@echoofhiscall.org**

# ECHO OF HIS CALL

Monthly magazines in 16 languages, Bible Colleges, Postal Courses, Church Planting, Village English High School, Gospel Printing Press, Crusades, Seminars, Social Services, etc.

Annual Subscription : Rs. 100/- Life Subscription : Rs. 2000/-

The multifarious activities of **Echo of His Call Ministries** are supported by the free-will offerings and donations of God's children like you. You may support **Echo of His Call** and its activities as the Lord leads you. We need your help to send forth the Gospel to the unreached people and plant Churches.

If you would like to receive **ECHO OF HIS CALL** magazines regularly, please write to us with your e.mail Id and Cell Phone number. Whenever you change your postal or e.mail addresses, please do inform us your old and new addresses.

**Echo of His Call** is available in 16 languages in our website also. You can read them by going into the site as well as downloading them and get blessed.

Your letters, prayer requests and your financial helps (**Money Orders, Cheques or Demand Drafts, NEFT, PayPal (Sam Selva Raj, sam@echoofhiscall.org) PhonePe (98410 71858), Gpay (98410 71858), Western Union, MoneyGram, etc.**) to **ECHO OF HIS CALL** may please be sent to the address below.

Please send your **Land Phone / Mobile Phone Numbers and E.mail addresses** for updation.

Our address :
**ECHO OF HIS CALL**
10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA
PH: (+91-44) 2852 8282, 2852 9293, 2854 7766/ Cell: (+91) 98410 71852, 95661 31858 / E.mails: sam@echoofhiscall.org / biblecor@yahoo.co.in
Websites: www.echoofhiscall.org / www.stpaulsmatriculation.org

**YOU CAN SEND YOUR DONATION ONLINE ALSO**

**RNI NO. TNNEP/2000/2841**
**Postal Regn. No. TN/CH/(C)/194/24-26**
**WPP NO. TN/PMG(CCR) / WPP- 220/24-26**
**Date of Publication: Third week of every month**
**Date of Posting : 15th & 16th of every month**
**Posted at "Egmore RMS Patrika Channel"**
**on 16th MAY 2025.**

**If un-delivered please return to:**
**ECHO OF HIS CALL (NEPALI)**
**P.O. Box No. 2957,**
**Chepauk, Chennai - 600 005, INDIA.**
**Phone: (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766**

***JESUS LOVES YOU!***

**To**

*GOD BLESS YOU!*

Owned and published by **S. Sam Selva Raj** from New No. 8 & 10, Old No.18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005 and printed by **S. Sam Selva Raj** at **Echo of His Call Printers,** New No. 8 & 10, Old No.18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005. Editor: **S. Sam Selva Raj.**